सम्पर्क नं. : ०२५५४००२४

# दुहवी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

दुहवी, सुनसरी
प्रदेश नम्बर १, नेपाल

प. स. :-२०७७/०७८
च. नं. :-२३१८

मितिः२०७८।०२।१९

**विषयः विद्यार्थी मूल्याङ्कन विधि र नतिजा प्रमाणीकरण सम्वन्धमा ।**

श्री सबै सामुदायिक तथा संस्थागत विद्यालयहरु
दुहवी नगरपालिका सुनसरी ।

प्रस्तुत विषयमा विश्वभरि फैलिरहेको नयाँ भेरियन्ट सहितको कोभिड -१९ को दोस्रो लहरको संक्रमण समुदायस्तरमा वढ्दै गएको अवस्था रहेकोले भौतिक उपस्थितिमा विद्यार्थी मूल्याङ्कन सम्भव नदेखिएको र आगामी असार महिना देखि नयाँ शैक्षिक सत्र सुरु गर्नुपर्ने भएको हुँदा दुहवी नगरपालिकाको नगर स्तरीय परीक्षा व्यवस्थापन निर्देशक समितिको मिति २०७८।०२।१९ को निर्णय अनुसार तपसिलको वैकल्पिक विधिहरु अवलम्वन गरी विद्यार्थी मूल्याङ्कन यहि मिति २०७८।२।३१ गते भित्र सम्पन्न गरी नतिजा प्रकाशन गर्नुहुन अनुरोध छ ।

१. आधारभूत शिक्षाको कक्षा १-३ मा पूर्ण रुपमा निरन्तर मूल्याङ्कन पद्धति अवलम्वनको प्रावधान भएको हुँदा सोहि अनुरुप गर्ने ।
२. कक्षा ४-५ मा ५० प्रतिशत भारको निरन्तर मूल्याङ्कन पद्धति र ५० प्रतिशत भारको हकमा विद्यालयवाट सञ्चालन गरिएका त्रैमासिक परीक्षाहरुको मूल्यङ्कन र अन्य आन्तरीक मूल्याङ्कनका विधिहरु प्रयोग गरी नतिजा प्रकाशन गर्ने ।
३. कक्षा ६-७ मा ४० प्रतिशत भारको निरन्तर मूल्याङ्कन पद्धति र वाँकी ६० प्रतिशत भारको हकमा विद्यालयवाट सञ्चालन गरिएका त्रैमासिक परीक्षाहरुको मूल्यङ्कन गरी नतिजा प्रकाशन गर्ने ।
४. कक्षा ८ को नगर स्तरीय परीक्षाका सन्दर्भमा विद्यालयवाट सञ्चालन गरिएका त्रैमासिक परीक्षाहरुको मूल्यङ्कनका आधारमा ७५ प्रतिशत अंक भारको लिखित परीक्षाको प्रासाङ्क प्रदान गरी IEMIS Exam Template मा लिखित मूल्याङ्कन र आन्तरीक तथा वैकल्पिक मूल्याङ्कनका विधिहरु प्रयोग गरी २५ प्रतिशत भारको प्रयोगात्मक समेतको अँक Online मा Uplod गरी प्रमाणित Hard Copy शिक्षा युवा तथा खेलकुद शाखा दुहवी नगरपालिकामा उपल्ध गराउने । साथै परीक्षा अवेदन फर्म पेश गर्न वाँकी भए सो समेत नपा शिक्षा शाखामा पेश गर्ने ।
५. कक्षा ९ को हकमा २५ प्रतिशत भारको आन्तरिक मूल्याङ्कन र ७५ प्रतिशत भारको हकमा विद्यालयवाट सञ्चालन गरिएका त्रैमासिक परीक्षाहरुको मूल्यङ्कन र अन्य आन्तरीक मूल्याङ्कनका विधिहरु प्रयोग गरी नतिजा प्रकाशन गर्ने ।

वोधार्थः श्री सूचना प्रविधि शाखा, website मा upload गरीदिनुहुन ।

२।१९
नीलमणी खनाल
उप-सचिव